नेपाल नागरिक उड्डयन प्राधिकरण

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको

बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०४/२३

दोस्रो पटक प्रकाशित मिति २०८१।०५।२४

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रर्थानतर्फ हाल Global IME Bank को ATM रहेको कोठामा प्रत्येक ए.टी.एम को लागि १.३२ व.मि. क्षेत्रफलको दरले जम्मा जम्मा ३.९६ वर्ग मिटर क्षेत्रफलमा जम्मा ३ (तीन)वटा फरक फरक बैंकको ATM सञ्चालन गर्नका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल राष्ट्र बैंङ्कबाट क वर्गको मान्यता प्राप्त गरेका बैंकहरुले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरु</u>

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र राष्ट्रिय बाणिज्य बैंक, गौचर शाखामा रहेको यस कार्यालयको खाता नम्बर १६९०१०००००११००६ मा रु. ३,३९०/— (अक्षरेपीः तीन हजार तीन सय नब्बे रुपैंया मात्र ) (मूल्य अभिवृद्धि कर सहित) जम्मा गरी (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेस गरी प्राप्त रसिद (Tax Invoice) नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र र नेपाल राष्ट्र बैंङ्कबाट क वर्गको कारोबार गर्ने ईजाजत पत्रको प्रतिलिपि सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र साथ रजिस्टर्ड फर्म-कम्पनी दर्ता प्रमाण पत्र नविकरण सहित सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्ने अनुमति प्राप्त ईजाजत पत्र VAT/PAN दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, सञ्चालकको नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफुले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा स्व-घोषणा पत्र र नेपाल राष्ट्र बैंङ्कबाट क वर्गको कारोबार गर्ने ईजाजत पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. ठेक्का अवधि ५ (पाँच) वर्षको हुनेछ । उक्त ५ (पाँच) वर्ष अवधिको प्रति ATM न्यूनतम ठेक रकम रु.७६,४३,२७८.४०/- (अक्षरेपीः छयहत्तर लाख त्रिचालिस हजार दुई सय अठहत्तर रुपैंया पैसा चालिस मात्र) कायम गरिएको छ ।साथै दोस्रो वर्ष देखि कुल ठेक रकममा कार्य सम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैंले निर्धारण गरेको मूल्य वृद्धि सूचंकाङ्क अनुसार थप गरी बहाल रकम बुझाउनुपर्नेछ ।बहाल रकम भुक्तानीका लागि ३/३ महिनाको एक किस्ता कायम हुनेछ ।

४. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति-फर्म-संस्था वा कम्पनी र सो फर्म संस्था वा कम्पनीको व्यक्ति हिस्सेदार भएको फर्म-संस्था वा कम्पनीले सो बक्यौता फछ्यौट गरेको कागजात बोलपत्र फाराम खरिद गर्नुपूर्व पेश गर्नुपर्नेछ ।

५. बोलपत्र साथ आफूले कवोल गरेको बहाल रकमको ५% ले हुने बोलपत्र जमानत रकम यस कार्यालयको रा.बा. बैंक, गौचर शाखामा रहेको धरौटी खाता नम्बर १६९०१००००००७०००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको रकम यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तिमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि १५ (पन्ध्र) दिन भित्र खरिद गरी १६ (सोह्र) औ दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरिसक्नु पर्नेछ ।दाखिला हुन आएका बोलपत्रहरु १६ (सोह्र) औ दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएका पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयका खरिद तथा दर्ता गरिनेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि. अ. वि. ना. उ. कार्यालय, गौंचरलाई सम्बोधन गरी कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।केरमेट वा प्रष्ट सँग नबुझिने गरी भरिएको बोलपत्र फारामलाई मान्यता दिईनेछैन ।

९.यस कार्यालयको उद्देश्य फरक फरक बैंङ्कहरुको ATM सेवा प्रवाहको सुनिश्चतता गर्ने भएकाले उक्त स्थानमा सबैभन्दा बढी बहाल रकम कबोल गर्ने फरक फरक ३ वटा बैंङ्क पर्ने गरी एउटा बैंङ्कको एउटा ATM Lounge को लागि मात्र स्थान उपलब्ध गराउने गरी बोलपत्र स्वीकृत गरिनेछ ।अधिक बोलकबोल गर्ने बैकले ATM lounge भित्रको स्थान छनौट गर्ने सुविधा पाउनेछ।

१०.एटीएम काउन्टर सञ्चालन गर्न यो सूचना बमोजिम उपलब्ध गराईएको स्थान अन्तराष्ट्रिय टर्मिनल भवन विस्तार योजनाको क्षेत्र अन्तर्रगत परेकोले पछि उक्त योजना बमोजिम ATM Lounge सञ्चालनका लागि छुट्याईएको स्थानमा स्थानान्तरण गरिनेछ, यसरी स्थानान्तरण गर्दा यस सूचनामा उल्लेखित क्षेत्रफल भन्दा घटबढ हुन गएमा सोही अनुसार स्वीकृत बोलपत्र दाताले बहाल रकम भुक्तानी गर्नु पर्नेछ ।

११.रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१२. यो सुचना प्रकाशन भई सके पश्चात कुनै पनि समयमा कारण खोली वा नखोली बोलपत्र रद्द गर्ने,स्थगित गर्ने अधिकार कार्यालयसँग सुरक्षित रहनेछ।
१३. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।
१४. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र www.tiairport.com.np मा समेत उपलव्ध हुनेछ ।
१५. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।
१६. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।
१७. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।

**बोलपत्र पेश गरेको निवेदन ।**

मिति :................

श्री .......................................ज्यू,
.............................................कार्यालय, ..................... ।

विषय :— त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थानतर्फ चेक ईन एरिया बाहिर हाल Global IME Bank को ATM रहेको कोठामा प्रत्येक ए.टी.एम को लागि १.३२ व.मि. क्षेत्रफलको दरले जम्मा जम्मा ३.९६ वर्ग मिटर क्षेत्रफलमा जम्मा ३ (तीन)वटा ए.टी.एम सेवा सञ्चालन गर्ने सम्बन्धी बोलपत्र प्रस्ताव पेश गरेको सम्बन्धमा।

महोदय,

यस कार्यालयको मिति ............................को गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थानतर्फ चेक ईन एरियाबाहिर हाल Global IME Bank को ATM रहेको कोठामा प्रत्येक ए.टी.एम को लागि १.३२ व.मि. स्थानमा ATM सेवा सञ्चालन गर्ने सम्बन्धी बोलपत्र फाराम तथा सूचनामा उल्लिखित प्रस्ताव एवं शर्त अनुसार ठेक्का लिन, मेरो/हाम्रो मञ्जुरी भएकोले उक्त कार्यको लागि ५ (पाँच) वर्षको कबोल रकम रु ......................... (अक्षरेपीः...................................................) को प्रतिकिस्ता (तीन महिनाको) रकम रु............................ (अक्षरेपी .......................................................) कार्यालयलाई बुझाउन मन्जुर गरी यो सिलबन्दी बोलपत्र पेस गरेको छु/छौं । यो सिलबन्दी बोलपत्रसाथ मैले/हामीले कबोल गरेको संलग्न फाराम अनुसार ठेक्का अवधिभरको लागि हुन आउने जम्मा रकम रु. ...................(अक्षरेपी ..........................................मात्र) को ५% ले हुन आउने रकम रु.......................,..........................., बैंक, ..............स्थित त्यस कार्यालयको धरौटी खाता नम्बंर १६९०१०००००७०००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ............................................बैंकको मिति......................................को पत्रबाट बराबरको जमानत (Bid bond) संलग्न गरेको छु/छौं ।

मैले/हामीले त्यस कार्यालयबाट उपलब्ध गरिएको सूचना तथा बोलपत्र सम्बन्धी कागजातहरु राम्रोसँग अध्ययन गरेको छु /छौं र उक्त सूचना तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरुमा मलाई/हामीलाई चित्त बुझेको हुँदा सो शर्तहरु पूर्णरुपमा स्वीकार गरी कार्य गर्न ईच्छुक भएकोले आधिकारिक दस्तखत सहित उक्त बोलपत्र फाराम र आवश्यक कागजातहरु संलग्न गरी निवेदन पेस गरेको छु/छौं ।

आधिकारिक दस्तखतः

नाम/थरः

बैंङ्कको नामः
बैंङ्कको छापः
स्थायी ठेगानाः
पत्राचार गर्ने ठेगानाः
सम्पर्क टेलिफोन/मोबाइल नम्बरः
ईमेल ठेगाना

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थानतर्फ चेक ईन एरियाबाहिर हाल Global IME Bank को ATM रहेको कोठामा प्रत्येक ए.टी.एम को लागि १.३२ व.मि. स्थानमा ATM सेवा सञ्चालन गर्ने सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल राष्ट्र बैंङ्कबाट क वर्गको मान्यता प्राप्त गरेका बैंकहरुले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. बोलपत्रसाथ देहायका कागजातहरु (नविकरण सहित) संलग्न हुनु पर्नेछ । कार्यालयले मागेको बखत आफूले पेस गरेको प्रतिलिपिको सक्कल कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) बैंङ्क दर्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ख) मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) आर्थिक वर्ष ०७९।८० सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि गर्नुपर्नेछ ।

(घ) व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफुले यस सम्बन्धमा, सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र,

(ङ) सञ्चालकहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(च) नेपाल राष्ट्र बैंङ्कबाट जारी भएको क वर्गको बैंङ्किङ्ग सेवा सञ्चालन गर्ने ईजाजत पत्रको प्रतिलिपि ।

(छ) प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन ।प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेश गर्नुपर्नेछ ।

२. कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम कार्यालयको रा.बा.बैंक गौचर शाखामा रहेको धरौटी खाता नम्बर१६९०१००००००७०००१ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा "क" वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंकको ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

३. बोलपत्र प्रक्रियामा सहभागिता जनाउने सम्बन्धमा बैंङ्कका सञ्चालक बोर्डको निर्णय संलग्न हुनुपर्नेछ । साझेदारी कम्पनी (Joint Venture) भए कम्पनीको साझेदारी करारपत्र (Partnership Deed) को प्रमाणित प्रतिलिपि तथा प्रत्येक साझेदार सञ्चालकहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि समेत पेस गर्नुपर्नेछ ।

४. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल ना.उ. कार्यालय, कर्पोरेट महाशाखालाई सम्बोधन गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

५. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने

६. रीत नपुगी, म्याद नाघी, शर्त राखी वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

७. प्राप्त हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गरी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

८. ATM सेवा सञ्चालन गर्नको लागि प्रति बैंङ्क जम्मा १.३२ (एक दशमलव तीन दुई) वर्गमीटर क्षेत्रफल भएको स्थान सञ्चालकलाई उपलब्ध गराइनेछ । सो क्षेत्रमा कुनै अस्थायी संरचना निर्माण गर्नुपर्ने भएमा कार्यालयको पूर्वस्वीकृति लिई सञ्चालक स्वयंले आफ्नै खर्चमा संरचना निर्माण गर्नुपर्नेछ ।

९. उक्त स्थानमा प्रति ATM सेवा सञ्चालनको लागि ५ (पाँच) वर्ष अवधिको न्यूनतम ठेक अंक रु.७६,४३,२७८.४०/-(अक्षरेपीः छयहत्तर लाख त्रिचालिस हजार दुई सय अठहत्तर रुपैया पैंसा चालिस मात्र) कायम गरिएको छ । साथै दोस्रो वर्षदेखि कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम बुझाउनु पर्नेछ ।

१०. ATM सेवा सञ्चालनको ठेक्का अवधि ५(पाँच) वर्षको हुनेछ ।

११. सेवा सञ्चालन गर्न पाएको क्षेत्रमा सञ्चालकले आफ्नो बैंङ्कको सेवा बाहेक अन्य कुनै उत्पादक वा संस्थाको विज्ञापन राख्न पाइने छैन ।

१२. सुरक्षा निकायबाट प्राप्त सुरक्षा सम्वन्धी निर्देशन तथा कार्यालयले समय—समयमा दिएको निर्देशनहरु सञ्चालकले निःशर्त र अनिवार्यरुपमा पालना गर्नु पर्नेछ ।

१३. देहाय बमोजिम नभएका बोलपत्र उपर कुनै कारबाही हुने छैनः—

क) तोकिएको समयभित्र दाखिला हुन नआएको,

ख) सिलबन्दी भई नआएको,

ग) कबोल अंकको ५% भन्दा घटी धरौटी दाखिला गरेको वा बैंक ग्यारेन्टी (Bid bond) रकम कम भएको वा तोकिएको मान्य अवधि पूरा नभएको,

घ) बोलपत्र पेस गर्ने आधिकारिक व्यक्ति/फर्मको दस्तखत र छाप नभएको,

ङ) कार्यालयबाट बिक्री भएको बोलपत्र फाराम भरी नआएको,

च) प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता नरहेको व्यहोराको आधिकारिक प्रमाण पेश नभएको,

छ) बोलपत्रमा शर्त राखी पेश भएको,

ज) बोलपत्रको शर्त नम्बर १ मा उल्लेख भए बमोजिम कागजातहरु पेश नभएमा ।

१४. प्राप्त भएका बोलपत्रहरु मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई सारभूत रुपमा प्रभावग्राही देखिएको बोलपत्र छनौट गर्ने सम्बन्धी ७ (सात) दिनको आशयको सूचना प्रकाशन गरिनेछ र सोको जानकारी सम्पूर्ण बोलपत्रदातालाई गराइनेछ ।

१५. आशयको सूचनामा तोकिएको समयभित्र कुनै पनि बैंकबाट उजुरी प्राप्त नभएमा छनौट भएको बोलपत्र स्वीकृत गरी नियमानुसार सम्झौता गर्न आउनको लागि सूचना दिइनेछ । सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्रदाताले ५ (पाँच) वर्षको लागि कबोल गरेको कुल रकमको प्रथम किस्ता वापत हुन आउने रकम राष्ट्रिय बाणिज्य बैंक, गौचर शाखामा रहेको कार्यालयको खाता नम्बर १६९०१००००००११००६ मा दाखिला गरेको सक्कल भौचरकासाथ सम्झौताको लागि सम्पर्क राख्न आउनु पर्नेछ । तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा धरौटी/बैंक जमानत (Bid bond) जफत गरिनेछ ।

१६. बोलपत्रदाताले कबोल गरेको ५ वर्षको बहाल रकमको २५(पच्चीस) प्रतिशतले हुन आउने रकम राष्ट्रिय बाणिज्य बैंक, गौचर शाखामा रहेको कार्यालयको धरौटी खाता नम्बर १६९०१००००००७०००१ मा दाखिला गरेको सक्कल भौचर वा "क" वर्गको वाणिज्य बैंकबाट जारी भएको ५ वर्ष ६ महिना मान्य अवधि भएको कार्यसम्पादन जमानत (Performance Bond) पेस गरेपछि सम्झौता गरिनेछ । स्थायी सम्पत्ति/जायजेथा जमानत लिईने छैन ।

१७. मूल्याङ्कनबाट छनौट भएको बोलपत्रदाता म्यादभित्र सम्झौता गर्न नआएमा निज बोलपत्रदाताको Bid Securities जफत गरी निज पछि छनौट भएको दोस्रो तेस्रो क्रमानुसारका बोलपत्रदाताको बोलपत्र स्विकृत गरी नियमानुसार ठेक्का सम्झौता गरिनेछ ।

१८. कार्यालय र बैंक बीच भएको सम्झौता अनुसारको बहाल रकमको त्रैमासिक किस्ता भुक्तानी गर्दा प्रचलित नियमानुसार कर ,वापतको रकम नेपाल सरकारको सम्बन्धित राजस्व खातामा दाखिला गरी सोको सक्कल भौचर र बाँकी ९०% रकम राष्ट्रिय बाणिज्य बैंक, गौचर शाखामा रहेको कार्यालयको खाता नम्बर १६९०१००००००११००६ मा दाखिला गरेको सक्कल भौचर कार्यालयमा पेस गर्नुपर्नेछ । सो बाहेक नेपाल सरकारलाई कुनै कर बुझाउनु पर्ने भनी तोकिएको ठेक्का कर, आयकर तथा मूल्य अभिवृद्धि कर र पछि कुनै कर दस्तुर तिर्नुपर्ने तथा लाग्ने भएमा सो समेत व्यक्ति/फर्म/कम्पनी नै बुझाउनु पर्नेछ ।

१९. बोलपत्रदाताले सम्झौताको समयमा कुल ठेक्का रकमलाई वार्षिक किस्ता कायम गरी प्रत्येक वर्षको एकमुष्ट अग्रिम भुक्तानी गर्न मन्जुर गरेमा त्यस्तो अग्रिम भुक्तानी रकममा ५ (पाँच) प्रतिशतसम्म छुट दिइनेछ ।

२०. किस्ता रकम अग्रिम रुपमा किस्ता शुरु हुनु अगावै कार्यालयमा दाखिला गर्नुपर्नेछ । तोकिएको समयभित्र किस्ता रकम दाखिला नगरेमा धरौटी/कार्यसम्पादन जमानतबाट कट्टा गरी किस्ता रकमको हिसाब मिलान गरिनेछ । यसरी हिसाब मिलान

गर्दाधरौटी/कार्यसम्पादन जमानतमा कमी हुन आएमा कमी हुन आएको रकम जम्मा गरेर मात्र सेवा सञ्चालन गर्नुपर्नेछ ।पूरै धरौटी/कार्यसम्पादन जमानत रकम जम्मा गरेर मात्र सेवा सञ्चालन गर्नुपर्नेछ ।पूरै धरौटी/कार्यसम्पादन जमानत रकम जम्मा नभएको खण्डमा सेवा सञ्चालनमा रोक लगाउन सकिनेछ ।

२१. सम्झौता सम्पन्न भएपश्चात् प्रचलित ऐन, नियम तथा कानूनमा कुनै संशोधन भएमा संशोधित व्यवस्था लागू हुनेछ ।यसरी संशोधन हुँदा शूल्क/दस्तुरमा परिवर्तन आएमा परिवर्तित दस्तुर लागू हुनेछ।

२२. बैंङ्कले प्रयोग गर्ने स्थानमा कार्यालयले तोकिदिएको प्राविधिकको उपस्थितिमा आफ्नै खर्चमा सवमीटर जडान गर्नुपर्नेछ ।बैंकले सेवा सञ्चालन गर्दा प्रयोग हुने विद्युत शुल्क तथा टेलिफोन सेवा शुल्कको हकमा विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम २७ बमोजिम भुक्तानी गर्नुपर्नेछ । विद्युत तथा टेलिफोनको प्रयोग गरे वापत कार्यालयले उपलब्ध गराएको बिल बमोजिमको शुल्क बिल प्राप्त भएको मितिले ७ (सात) दिनभित्र भुक्तानी गर्नुपर्नेछ ।

२३. बोलपत्र सम्बन्धी कागजातमा तोकिएका सबै शुल्कहरु तोकिएको समयमै भुक्तानी नगरेमा म्याद भुक्तान भएको साठी दिनसम्म प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ र साठी दिनपछि विलम्व शुल्कसहितको बक्यौता रकममा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत थप गरी असूल गरिनेछ ।

२४. ATM सेवा सञ्चालनको लागि आवश्यक सामग्री/उपकरणहरु बैङ्कले आफ्नै खर्चमा व्यवस्था गर्नुपर्नेछ । आफ्ना सामग्री/उपकरणहरुको सुरक्षा लगायत जिम्मा सञ्चालक स्वयंको हुनेछ । यस्तो सेवा अपरेशन अवधिभर सञ्चालन गर्नुपर्नेछ । सेवा सञ्चालन सम्बन्धी जानकारी आफ्नो क्षेत्रमा सबैले देख्ने गरी टाँस गर्नुपर्नेछ । उक्त स्थानबाट तोकिएको कार्य बाहेक अन्य कुनै कार्य गर्न पाइने छैन ।

२५. बैंकले आन्तरिक राजश्व विभागसँग समन्वय गरी अनिवार्य रुपमा कम्पूटर विलिङ गर्ने व्यवस्था गर्नुपर्नेछ ।

२६. कार्यालयले तोकिदिएको क्षेत्रभन्दा बाहिर कुनै सामान राख्न वा प्रदर्शन गर्न पाईने छैन । ATM सेवा सञ्चालनको लागि कार्यालयबाट फर्म/कम्पनीलाई कुनै पनि सामान उपलब्ध गराइने छैन ।

२७. सेवा सञ्चालन गरेको स्थान वरिपरि सधैं सफा र आकर्षक बनाई राख्नु पर्नेछ ।उक्त स्थानवाट निस्कने फोहरजन्य पदार्थहरु एक ठाउँमा जम्मा पारी निर्दिष्ट स्थानमा लगेर आफैले फोहोर व्यवस्थापन गर्नुपर्नेछ ।

२८. सम्झौता भएको बैंङ्कले ठेक्का अन्य बैंङ्कलाई हस्तान्तरण गर्न पाइनेछैन ।

२९. सुरक्षा वा अन्य कारणले तत्काल वा निश्चित समयको लागि बोलपत्रमा उल्लिखित स्थानको सेवा बन्द गर्नु परेमा कार्यालयले बन्द गर्न आदेश दिन सक्नेछ ।यसरी आदेश पाएमा सो आदेशको पालना अनिवार्य र निःशर्त रुपमा गर्नुपर्नेछ र सो अवधिभर वहाल भुक्तानी गर्नुपर्ने छैन ।

३०.सेवा सञ्चालनको लागि उपलब्ध गराएको स्थान कार्यालयलाई नै आवश्यक परी खाली गराउनुपर्ने अवस्था भएमा कम्तीमा ३५ दिनको अग्रिम सूचना दिएर मात्र सम्झौताको अन्त्य गरी स्थान खाली गराउन सक्नेछ ।

३१.सम्झौता गर्दाको अवस्थामा आधारभूत परिवर्तन भई सम्झौताको परिपालना गर्न असम्भव भएमा दुवै पक्षको सहमतिमा सो अवधिसम्मको हिसाब फरफारक गरी सम्झौताको अन्त्य गर्न सकिनेछ ।

३२. उडान सुरक्षा, हवाई सुरक्षा र यात्रु सेवा सुविधा सम्बन्धमा कार्यालयले दिएको आदेश तत्काल निःशर्त पालना गर्नुपर्नेछ ।

३३. तोकिएको स्थान प्रयोग गर्दा अन्य निकायहरुको कार्यमा बाधा नपर्ने गरी गर्नुपर्नेछ ।

३४. बहालमा लिइएको स्थानमा कानुनद्वारा निषेधित काम कारबाही गर्न र खतरनाक, विष्फोटक वा अन्य प्रज्वलनशील वस्तु वा पदार्थहरु राख्न पाइनेछैन ।उक्त स्थानमा आवश्यकता अनुसार अग्नि निवारक (Fire Extinguisher) संयन्त्र अनिवार्य राख्नुपर्नेछ ।

३५. ATM Machine बीमाको व्यवस्था, आकस्मिक परिस्थिति एवं अन्य प्रकारको बीमा गरी सोको जानकारी बैंकले कार्यालयलाई बिबरण पेश गर्नुपर्नेछ ।

३६. प्रयोग गर्ने स्थानमा बैंङ्क सम्बन्धी जानकारी बाहेक अन्य विषयहरुको प्रचार प्रसार गर्न पाइने छैन ।

३७. बैङ्कले बहालमा लिएको स्थानमा विद्युतीय सामग्रीहरुको जडानमा गुणस्तरीय सामान प्रयोग गर्नुपर्नेछ र बेला बेलामा कार्यालयका प्राविधिक कर्मचारीबाट निरीक्षण गराई सोको लगबुक राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

३८. बहालमा लिएको स्थान प्रयोग गर्ने क्रममा बैंङ्कको लापरवाहीबाट कुनै क्षति भएमा सो क्षतिको क्षतिपूर्ति कार्यालयलाई तिर्नुपर्नेछ ।

३९. सम्झौताको कार्यान्वयनका क्रममा कुनै विवाद उत्पन्न भएमा मध्यस्थता ऐन, २०५५ बमोजिम विवादको समाधान गरिनेछ ।

४०. बोलपत्र सम्बन्धी कागजातमा नपरेका कुराको हकमा नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी ऐन, नियम तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

४१. बोलपत्र सूचनामा उल्लिखित शर्तहरु यसै बोलपत्र सम्बन्धी कागजातहरुमा उल्लेख भएका शर्तहरु सरह मान्य हुनेछन् ।

४२. यस कार्यालयलाई तिर्न बुझाँउन पर्ने बाँकी बक्यौता रकम चुक्ता नगरेको फर्म वा कम्पनीले पेश गरेको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

४३. ए.टी.एम. काउन्टर सञ्चालन गर्न यो सूचना बमोजिम उपलब्ध गराईएको स्थान अन्तराष्ट्रिय टर्मिनल भवन विस्तार योजनाको क्षेत्र अन्तर्गत परेकोले पछि उक्त योजना बमोजिम ATM Lounge सञ्चालनका लागि छुट्याईएको स्थानमा स्थानान्तरण गरिनेछ, यसरी स्थानान्तरण गर्दा यस सूचनामा उल्लेखित क्षेत्रफल भन्दा घटबढ हुन गएमा सोही अनुसार स्विकृत बोलपत्र दाताले बहाल रकम भुक्तानी गर्नु पर्नेछ ।

४४. बोलपत्र फारामका शर्तहरुमा नपरेका अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

४५. कार्यालयले सञ्चालकलाई पत्राचारको ठेगाना निम्नानुसार रहेको छ, उक्त ठेगानामा कार्यालयले पठाएका सूचना एवम् चिठीपत्रहरु सञ्चालकले बुझे सरह मानिनेछ । बोलपत्र फाराम भर्दा इमेल सहितको ठेगाना पूरा भर्नुपर्नेछ । उक्त E-mail ठेगानामा पठाएका सूचना एवं चिठीपत्रहरु सञ्चालकले बुझेको मानिनेछ बोलपत्रदाताको नामः-

बैंङ्कको छाप :—
पत्राचारको ठेगाना :—
जिल्ला :—
पालिका :—
वडा नं :—
घर नं :—
टोल :—
बाटोको नाम :—
फ्याक्स नं. :—
E-mail address :—
मिति :—

नेपाल नागरिक उड्डयन प्राधिकरण

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचर काठमाडौंको

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रर्थानतर्फ हाल Global IME Bank को ATM रहेको कोठामा प्रत्येक ए1 एम को लागि.टी..3 क्षेत्रफलको दरले जम्मा जम्मा .मि.व 32.वर्ग मिटर क्षेत्रफलमा 96 3 जम्मा वटा फरक फरक बैंकको ३ वटा ATM सञ्चालन गर्नका लागि ठेक्का बन्दोबस्तको आर्थिक प्रस्तावश

| ५ पाँच वर्षको लागि कबोल गरेको बहाल रकम | | जम्मा कबोल अङ्कको ५% ले हुने धरौटी रा. बा. बैंक गौचर शाखामा रहेको कार्यालयको धरौटी खाता नम्बर १६९०१०००००७०००१ मा दाखिला गरेको रकम वा सो रकम बराबरको बैंक ग्यारेण्टी राखेको भए बैंकको नाम र ग्यारेण्टी रकम | | अग्रिम त्रैमासिक किस्ता रकम | | कैफियत |
|---|---|---|---|---|---|---|
| अङ्कमा | अक्षरमा | अङ्कमा | अक्षरमा | अङ्कमा | अक्षरमा | |
| | | | | | | |

बोलपत्रदाताको दस्तखत :—

नाम :—

कम्पनीको नाम :—

कम्पनीको छाप :—

स्थायी ठेगाना :—

फोन/मोबाईल नम्बर:-

इमेल ठेगाना —:

मिति:-